निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मिति :२०७४/१/१३

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

### *१. प्रमुख निर्वाचन आयुक्त र प्रमुख सूचना आयुक्तबीच भेटवार्ता*

काठमाडौं, वैशाख १३ । माननीय प्रमुख निर्वाचन आयुक्त डा.अयोधीप्रसाद यादवसहित निर्वाचन आयुक्तहरुसँग राष्ट्रिय सूचना आयोगका माननीय प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटासहितको टोलीले आज भेट गरी स्थानीय तह निर्वाचन २०७४ सम्बन्धी सूचना प्रवाहका सम्बन्धमा छलफल गर्नुभएको छ ।

भेटका अवसरमा उहाँहरूबीच स्थानीय तह निर्वाचनसम्बन्धी सूचना प्रवाहलाई अझै छिटो, छरितो र सहज बनाउने तथा मतदाता शिक्षालाई अझ जोड दिने विषयमा छलफल भएको थियो । साथै, निर्वाचन आयोग र राष्ट्रिय सूचना आयोगबीच आगामी दिनमा सहकार्य गरेर कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा समेत छलफल भएको थियो । त्यस अवसरमा माननीय निर्वाचन आयुक्तहरू इला शर्मा, नरेन्द्र दाहाल, ईश्वरीप्रसाद पौड्याल र सुधीरकुमार शाह तथा आयोगका सचिव गोपीनाथ मैनालीलगायत सहभागी हुनुहुन्थ्यो । यसैगरी, राष्ट्रिय सूचना आयोगका आयुक्तहरू किरण पोखरेल र यशोदा तिम्सिना त्यस अवसरमा उपस्थित हुनुहुन्थ्यो ।

### *२. आम सञ्चार माध्यमको अनुगमनको जिम्मा प्रेस काउन्सिललाई*

काठमाडौं, वैशाख १३ । निर्वाचन आयोगले स्थानीय तह निर्वाचन, २०७४ मा आम सञ्चार माध्यमको अनुगमन गर्ने जिम्मा प्रेस काउन्सिल, नेपाललाई दिने निर्णय गरेको छ । माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवको अध्यक्षतामा आज कान्तिपथ स्थित आयोगमा बसेको बैठकले आम सञ्चार माध्यमको अनुगमनको कार्य विवरण (टीओआर) समेत स्वीकृत गरेको छ । प्रेस काउन्सिलले आम सञ्चार माध्यमले गरेका कार्यको अनुगमन गरी २०७४ वैशाख ३१ गतेको निर्वाचन सम्पन्न भएको सात दिनभित्र र २०७४ जेठ ३१ गते निर्वाचन सम्पन्न भएको मितिले ३० दिनभित्र अन्तिम प्रतिवेदन आयोगलाई पेश गर्नुपर्ने जिम्मेवारी तोकिएको छ ।

### ३. दल एकीकरणको जानकारी :

काठमाडौं, वैशाख १३ । तराई-मधेश लोकतान्त्रिक पार्टी, सद्भावना पार्टी, तराई मधेश सद्भावना पार्टी, राष्ट्रिय मधेश समाजवादी पार्टी, नेपाल सद्भावना पार्टी र मधेशी जनअधिकार फोरम (गणतान्त्रिक) का तर्फबाट उक्त पार्टीका अध्यक्षहरूको तर्फबाट उक्त पार्टीका वरिष्ठ केन्द्रीय नेताहरूले आज निर्वाचन आयोगमा आई आफ्नो दलहरू एकीकरण गर्ने निर्णय भई दलको नाम 'राष्ट्रिय जनता पार्टी नेपाल' राखिएको जानकारी आयोगलाई गराउनु भएको छ । उहाँहरुले एकीकरण भएको दलको चुनाव चिह्न छाता भएको तथा आफ्ना सबै गतिविधिहरु यसै दल तथा चुनाव चिह्नमार्फत सञ्चालन गर्ने जानकारी दिँदै राजनीतिक दलको रूपमा दर्ताको प्रक्रिया अगाडि बढाउन आयोगको सहयोगको अपेक्षासहित दल एकीकरण भएको जानकारी गराउनु भएको छ ।

सूर्यप्रसाद शर्मा
सहसचिव एवं प्रवक्ता

कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np
"फोटो सहितको मतदाता नामावलीमा नाम दर्ता गरौं ।"